सङ्केताङ्क नं. ..................

७:३० बजे

# प्याब्सन, काठमाडौं
## प्याब्सन प्रि-बोर्ड परीक्षा-२०७४

विषय: नेपाली — पूर्णाङ्क: ७५
समय: २:१५ मिनेट

सफा, स्पष्ट, मौलिक र सिर्जनात्मक उत्तरलाई अङ्क दिंदा बढी प्राथमिकता दिइने छ ।

**१. तलको समूह "क" मा दिइएका शब्दको अर्थ समूह "ख"बाट पहिचान गरी जोडा मिलाउनुहोस् :** (२)

| समूह "क" | समूह "ख" |
|---|---|
| क्षोभ | अनुहार |
| परिमेय | मरेको लाश |
| मुद्रा | कोध |
| पाक्षिक | सीमित |
| | दस दिनको |
| | पन्द्र दिनको |
| | क्षणिक |

**२. कोष्ठकबाट मिल्ने शब्द छानी खाली ठाउँ भर्नुहोस्:** (२)

क) "होनाहार"को पर्यायवाची शब्द ............ हो । (निर्वासित, जेहेन्दार, कष्टकर)
ख) "उन्नति"को विपरीतार्थक शब्द ............ हो । (प्रगति, अवनति, दुर्गति)
ग) ............अनेकार्थी शब्द हो । (भोलि, वर, पहिले)
घ) ........श्रुतिसम भिन्नार्थक शब्द हुन् । (राक्षस र दानव, सुगम र दुर्गम, तोप र टोप)

**३. अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्नुहोस् :** (२)

आच्छादित, गुणस्तरीय जीवन

**४. क) तलका शब्द मध्ये शुद्ध शब्दमात्र छानेर लेख्नुहोस् :** (१)

अ) स्तुत्ते — स्तुत्य — स्तूत्य — इस्तुत्य
आ) असीम — असिम — अषिम — अशिम

**ख) तलको वाक्यलाई शुद्ध पारेर उत्तरपुस्तिकामा सार्नुहोस्:** (२)

शोवाले ढुङ्ग्रामा मूख लगायर बोल्दै बोलिनन् ।

**५. तल रेखा तानिएका शब्दको शब्दवर्ग छुट्याएर लेख्नुहोस् :** (३)

गोविन्दले एउटा कालो गाई डोऱ्याउँदै ल्याएर किलामा बाँधेका थिए ।

७:३० बजे

**६. क) तलको वाक्यबाट उपसर्ग लागेर बनेका दुईवटा र प्रत्यय लागेर बनेका दुईवटा शब्द पहिचान गरी लेख्नुहोस् :** (२)

नेपालमा कमाइको सुनौलो वातावरण निर्माण हुन नसकेकोले युवाहरू विदेशी मुलुकतिर जाँदै छन् ।

**ख) तलको वाक्यबाट समास गरिएको एक र विग्रह अवस्थाको एक पहिचान गरी समस्त शब्दको विग्रह र विग्रहित अवस्थाको समास गर्नुहोस्:** (१)

दुई पाउ छन् जसका उसैले षट्कोण बनाउन जानेन त ?

*अथवा*

तलको अनुच्छेदबाट समास गरिएको एउटा शब्द र विग्रह गरिएको कुनै एक अवस्थापहिचान गरी समस्त शब्दको विग्रह र विग्रहित अवस्थाको समास गरेर देखाउनुहोस् :

आफ्नै घर नदीले काटेको छ भने अरूको घरको षट्कोण चित्र बनाएर के गर्नु?

**७. कोष्ठकमा दिइएका धातु र सङ्केतका सहायताले वाक्य पूरा गर्नुहोस् :** (२)

क) भान्जा मामाघर ......... (जा: पूर्ण भूत)
ख) विद्यार्थी एउटा पाठ ....। (पढ्: अपूर्ण भविष्यत)
ग) तिमीहरू धरान घुम्न .....(जा: इच्छार्थक)
घ) केटो कोठामा .... । (सुत्: सम्भावनार्थ)

**८. कोष्ठकमा दिइएको निर्देशन अनुसार तलका वाक्य परिवर्तन गर्नुहोस् :** (४)

क) ज्योतिषीले हात राम्ररी हेरेर भविष्य बतायो । (वाक्य विश्लेषण)
ख) आफू त मजाले टेलिभिजन हेरिन्छ । (कर्तृ वाच्य)
ग) तपाई डुल्ने भए डुल्नुहोस् । (दोहोरो अकरण)
घ) म घरको वरपर डुल्दै गर्छु । (प्रेरणार्थक)

**९. अपूर्ण भूत कालका तीन वाक्य प्रयोग गरी तपाईंले गरेको कामको बयान गर्नुहोस् :** (३)

**१०. दिइएको गद्यांश राम्ररी पढी अन्त्यमा सोधिएका प्रश्नको उत्तर दिनुहोस् :** (५)

म्यानमारमा सन् २०१० मा सेना समर्थित राष्ट्रपति थिएनन्, त्यसैले गर्दा त्यहाँ केही राजनीतिक सुधारको प्रारम्भ भयो । यस सिलसिलामा राष्ट्रिय तथा अन्तराष्ट्रिय दुवै तर्फबाट आङ सान सुकीलाई रिहा गराउन भरमग्दुर प्रयास भयो । सुकीले पनि नजरबन्दमा रहँदा सैनिक सरकारले लागु गरेका नियम पूर्ण पालन गरी अदालतले तोकेको नजरबन्दको अवधि समेत भुक्तान गरेकी थिइन् । फलस्वरूप १३ नोभेम्बर २०१० मा उनी लगायत सबै राजनीतिक बन्दीलाई रिहा गर्न सैनिक सरकार बाध्य भयो । सैनिक सरकारले राजनीतिक दलमाथिको प्रतिबन्ध पनि हटायो र विदेशमा रहेका राजनीतिक शरणार्थीलाई समेत माफी दियो । देशमा प्रजातान्त्रिक समाजवादको पूर्ण कार्यन्वयन भइनसकेका कारण प्रतिपक्षी नेतृका रूपमा आङ सान सुकीको सङ्घर्ष अहिले पनि उत्तिकै जारी छ ।

सङ्केताङ्क नं. ..................

७:३० बजे

*प्रश्नहरू :*

क) माथिको अनुच्छेदमा रेखा तानिएको शब्दको कारक छुट्याउनुहोस् ।
ख) समर्थित र प्रारम्भ शब्दको निर्माण प्रकिया देखाउनुहोस् ।
ग) प्रतिबन्ध र शरणार्थी शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् ।
घ) अदालतले तोकेको नजरबन्दको अवधि सुकीले किन भुक्तान गरिन् ?
ङ) सैनिक सरकारले राजनीतिक दलमाथिको प्रतिबन्ध किन हटायो ?

**११. तलको अनुच्छेद राम्ररी पढी अन्तमा सोधिएका प्रश्नको उत्तर दिनुहोस्:** (५)

हामीले पूर्ण ज्ञान बुझ्न अज्ञानको स्वरुप बुझ्नु आवश्यक छ । जुन वस्तुको जुन स्वरुप छ, त्यसको त्यो स्वरुप ठीक ठीक रूपमा चिन्नुको नाम नै ज्ञान हो । आत्माले यदि आफूलाई आत्माको रूपमा चिन्न सक्यो अर्थात् यदि निज स्वरुपमा अहम्को प्रतीति उत्पन्न भयो भने त्यसैलाई यथार्थ आत्मज्ञान मान्नुपर्दछ । अतः आत्ममा अनात्मा बोध हुनु अथवा अनात्ममा अनात्मालाई आत्मा ठान्नु यी दुवै अज्ञान पदवाच्य छन् । पूर्ण अहम् भाग केवल परमात्मा वा परमेश्वरमा मात्र सम्भव छ । जबसम्म आत्मा मायाले ढाकिएको हुन्छ तबसम्म त्यो अनात्मालाई आत्माको रूपमा ग्रहण गर्न बाध्य हुन्छ । सर्वप्रथम यस स्थुल देहलाई नै आफ्नो स्वरुप ठान्दछ तथा यसैमाथि उसको अहम्पना निहित रहन्छ । तदन्तर स्थुल शरीरबाट अहपनको दोष हटेपछि पनि प्राण तथा बुद्धिमा अर्थात् सूक्ष्म सत्तामा अहम्पनको बोध बाँकी रहन्छ । यो हटाउन निकै समय लाग्दछ । त्यसपछि प्राण तथा बुद्धिभन्दा पर शून्यमा उसको अहम्पनको बोध निमग्न हुनजान्छ । यसै प्रकार क्रमशः जाग्रत, स्वप्न, तथा सुषुप्तिभेद घटित हुँदैन र उसले मायाभन्दा बाहिर आफ्नो स्वरुप उपलब्ध गर्न सक्दैन । यही नै सांसारिक अवस्थाको संक्षिप्त विवरण हो । परन्तु जब विवेकज्ञानको उदय हुन्छ तब आत्मा बुझ्न सक्दछ । ऊ मायाभन्दा भिन्न तथा मायाको कार्यभूत विविध देहभन्दा पनि भिन्न छ । मायिक सत्ता जड छ तर ऊ शुद्ध चेतन हो । यस अवस्थामा स्थित भएपछि जीवरूप आत्मा कर्म तथा माया दुवैबाट मुक्त हुनजान्छ र कैवल्य दशामा प्राप्त हुन्छ ।

*प्रश्नहरू :*

क) कुन अवस्थाको ज्ञानलाई यथार्थ आत्माज्ञान भन्न सकिन्छ ?
ख) आत्मालाई मायाले ढाकुन्जेल केलाई आत्माको रूपमा लिन्छ ?
ग) हाम्रो शरीरको बाहिरी विशेषता के हो ?
घ) हाम्रो चेतनाका मुख्य कति र कुन कुन अवस्था छन् ?
ङ) मान्छेले आफ्नो आत्मावारेको कुरा कति बेला जान्दछ ?

**१२. तलको अनुच्छेद राम्ररी पढी मुख्य चार बुँदा टिपेर सारांश लेख्नुहोस् :** (५)

साकेला, धाननाच, ल्होसार, होली, इन्द्र जात्रा लगायतका जात्रामा सबै जातिका मानिसहरू उत्तिकै खुसीसाथ रमाइ रहेका देख्न सकिन्छ । पहिले पहिले तराईमा मात्र मनाइने छठ पर्व अब पहाड, हिमालमा समेत लोकप्रिय भइसकेको छ । हामीसंग साँस्कृतिक सहिष्णुताका यस्ता धेरै उदाहरण छन् । आमाबुवा, गुरु र पाहुनालाई देवतासरह मान्ने चलन नेपालीहरूको साझा संस्कृति हो । अर्मपर्म, सरसहयोग र समूहमा रमाउने नेपाली संस्कृति हो । बटुवाको शीतलताका लागि चौतारा बनाइदिने र बास बस्नका लागि पाटी पौवा बनाइदिने हाम्रो संस्कृति छ । हाम्रो संस्कृतिमा म मात्र खाऊँ, म मात्रै लाऊँ भन्ने छैन । सबैले खान, लाउन र बाँच्न पाउनुपर्छ भन्ने छ । सबै सुखी होऊन्, सबै निरोगी होऊन् र सबैले सम्मानपूर्वक बाँच्न पाऊन् भन्ने हाम्रो संस्कृतिको भाव रहेको छ । हाम्रो संस्कृतिले अभावका विचमा पनि रमाउन, आफ्नै कमाइमा बाँच्न र श्रमको पूजा गर्न सिकाउँछ ।

**१३. तलका मध्ये कुनै एक प्रश्नको उत्तर लेख्नुहोस् :** (४)

**क) दिइएका बुँदाका आधारमा शीर्षक सहितको कथा लेख्नुहोस् :**

कुनै गाउँमा आमा बाबु र उनीहरूका पाँच भाइ छोरा बस्नु .....बाबुले पाँच भाइ छोरालाई जे काम अह्राए पनि गर्न तयार हुनु ....... बूढाका मनमा अनेक लहडी विचारहरू उत्पन्न हुनु........ लहडी विचारका आधारमा छोरालाई काम लगाउनु ..... बूढाको यस्तो व्यवहारले बूढी दिक्क हुनु .....एक पटक बूढाको मनमा आफ्नो घर पारिको पहाड सम्याउने विचार उत्पन्न हुनु .... छोरालाई तुरुन्तै विचार सुनाउनु...... पाँचै भाइले एक स्वरले समर्थन गर्नु ...... भोलिको सूर्योदयदेखि बाबु छोरा मिलेर पहाड सम्याउन थाल्नु .... देख्ने सबै मान्छे छक्क पर्नु .... एक दिन देवताका राजा इन्द्रले अर्कै भेषमा आएर, "यत्रो डाँडो कहिले सम्याउन सकिएला त ?" भनेर सोध्नु ..... बूढाले, "आफूले बाँचुन्जेल सम्याउने, त्यसपछि छोरा, नाति, पनातिका पालासम्म सम्याउँदा कसो नसम्मिएला ?" भनेर जवाफ दिनु ..... बूढाको कामप्रतिको लगनशीलताले देवराज इन्द्रलाई समेत प्रभाव पार्नु ......... त्यसैको पछिल्लो रात इन्द्रका पाँच लाख सेना आएर केही घण्टामै डाँडो सम्याउनु ....... दृढ निश्चयका साथ कुनै पनि राम्रो काम गरिन्छ भने त्यसमा ईश्वरले समेत साथ दिन्छन् भन्ने शिक्षा पाइनु .... ।

*अथवा*

ख) आफ्नो विद्यालयले पनि आफूहरूलाई जिल्ला स्तरीय खेलकूदमा सामेल गराओस् भन्ने अनुरोध गर्दै विद्यालयका प्राचार्यलाई एउटा निवेदन लेख्नुहोस् र खामको नमूना पनि बनाउनुहोस् :

**१४ कुनै एक उद्धरणको सप्रसङ्ग व्याख्या गर्नुहोस् :** (४)

क) लौ लौ गाओ दल दल बनै वृक्ष हो उठ सारा,<br>
वर्से घैटा घट घट गरीस्वर्गीय प्रीयूष धारा ।<br>
दर दर दर्के अमित कनिका प्यून लागिन् धराले,<br>
उफ्रि नाची चल विटप हो पाउने छौ जराले ।

सङ्केताङ्क नः ......................

७:३० बजे

ख) "आमै यही पुरान मलाई पोहोर साल सुनाइदिएको भए म देश जाने नै थिइनँ, यस्तो मैनाजस्तो छोरालाई छोडेर ।"

**१५. तलका कुनै दुई प्रश्नको उत्तर दिनुहोस् :** (२×४=८)

**अ) तलको निबन्धांश पढी अन्तमा सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

सबैलाई थाहै छ, भुँडी स्वयम् परमेश्वरी भएकाले प्रत्येक प्राणीमा उनको अंश नभएको हुँदैन । अर्को शब्दमा प्रत्येक व्यक्ति भुँडीको एक अवतार हो । ऊ सित सानो होस् वा ठूलो होस् एउटा भुँडी हुन्छ । त्यसैले मान्छे उखान गर्छन्, जहाँ जान लागे पनि भुँडी सँगसँगै जान्छ । नभन्दै गोसाइँकुन्ड जाने यात्रु हुन् या अन्तरीक्षका यात्रु हुन् सबैले सबैभन्दा पहिले भुँडीको जोहो गर्नैपर्छ । कोही राष्ट्रसङ्घीय काममा लागेको होस् वा कोही मल सोहोर्न लागेको होस् । मुख्यतः सबैलाई भुँडी पूजाले नै प्रेरित गरिरहेको हुन्छ । गधा झैँ लादिन परोस् वा गाई झैँ दुहिन परोस्, कुकुर झैँ दैलोदैलो डुक्नुपरोस् वा लाटोकोसेरो झैँ रातरातभरि जाग्राम बस्नु परोस् येनकेन प्रकारेण भुँडी पूजा गर्न सकिएन भने घरबार सब पुरपार पारी कि रानीपोखरी ताक्नुपर्छ, कि डाँडो काट्नुपर्छ ।

*प्रश्नहरू :*

क) भुँडीलाई परमेश्वरी भन्नुको कारण के हो ?

ख) भुँडी पूजाका लागि क-कसले, कुन-कुन ठाउँमा कसरी जोतिनु परेको हुन्छ ?

**आ) तलको कवितांश पढी अन्तमा सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

मलाई झुर सडक, खत्तम र रद्दी सडक भन्नेहरू, आफूलाई कुखुराको गुलाफी फुल सम्झेर सुरक्षित घुमफिर गर्नेहरू, जसलाई सोध्नुपर्ने हो उहीसँग सोध, सडक किन यस्तो भयो ? मलाई मात्र सरापेर भएन, म लाञ्छित, थकित र शब्दहीन सडक बोल्दै छु ।

*प्रश्नहरू :*

क) यात्रुहरूले सडकलाई के भनेर सराप्दा रहेछन् ?

ख) वास्तवमा सडक कस्तो अवस्थामा रहेछ र यात्रुहरू आफूलाई कस्ता ठान्दा रहेछन् ?

**इ) तलको कथाको अंश पढी अन्तमा सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

रामु शोभाको सौतेनी देवर हो । शोभा दुलही भएर आउँदा रामु डेढ वर्षको थियो, शोभा १६ वर्षकी थिइन् । त्यसै वर्ष रामुलाई शोभाका जिम्मा लगाएर रामुकी आमा नफर्कने बाटो लागिन् । त्यस बेलादेखि रामुलाई शोभाले नै पालेर हुर्काइन् । अहिले रामु सात वर्षको भयो, शोभा बाइस वर्षकी भइन् । घरमा रामु, उसकी भाउजू र दाजु निर्मल बाहेक अर्को प्राणी कोही छैन । रामुका बुवा त ऊ वर्षदिन नपुग्दै मरिसकेका थिए । आमा पनि डेढ वर्षमा गइहालिन् ।

*प्रश्नहरू :*

क) सौतेनी भाउजू भएर पनि रामुलाई शोभाले हुर्काउनुपर्ने अवस्था कसरी आयो ?

ख) माथिको कथांशमा रामुको बाल्यकालको चित्रण कसरी गरिएको छ ?

७:३० बजे

**१६. आफ्नै प्रकारको धाक वा रवाफलाई दुनियाँले बिल्ला उडाउँदा पनि नबुझेजस्तो गरेर तिनका नायकले आफ्नै तरिकाले काखी च्यापेर राख्छ भन्ने कुरा माउजड बाबुसाहेबको कोट कथाका आधारमा पुष्टि गर्नुहोस् :** (४)

**१७. कुनै दुई प्रश्नको उत्तर लेख्नुहोस् :** (८)

क) "लक्ष्मीपूजा" कथामा बाल मनोविश्लेषणको प्रयोग कसरी भएको छ ?

ख) कुन कुन वर्गका मान्छेलाई जयभुँडी निबन्धले कसरी व्यङ्ग्य गरेको छ ?

ग) "म सडक बोल्दै छु" कविताको मुख्य भाव के हो ?

**१८. तलका मध्ये कुनै एक शीर्षकमा २०० शब्दमा नघटाई निबन्ध लेख्नुहोस् :** (८)

क) हिमालको महत्व

ख) विद्यार्थी जीवन र समय

ग) वैदेशिक रोजगारीको बाध्यता

●●●